तांजाकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चाँखुरे,हुम्ला

## कर्णाली प्रदेश,नेपाल

| | | |
|---|---|---|
| प.स.२०८२/८३ | च.नं. - १ | मिति :-२०८२/०५/१८ |

### व्यवसाय दर्ता गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/१८**

नेपालको संविधानको अनुसूचि - ८ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५८ तथा यस गाउँपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि २०७९ को दफा ३ को उपदफा २ बमोजिम हालसम्म गाउँपालिकामा दर्ता नगरी संचालनमा रहेका कुनैपनि प्रकारको उद्योग व्यापार पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोवार गर्ने व्यक्ति फर्म वा कम्पनिले यस सूचना प्रकाशन भएको ३५(पैतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्याद भित्र निवेदन पेश नगरि संचालन हुने व्यवसायलाई गाउँपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि २०७९ को दफा १६ वमोजिमलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार गाउँपालिका वा सरकारी स्वामित्वका संघसस्था बाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वित्तिय संस्थामा रहेको करदाताको रकमवाट कट्टी गर्न लगाएर वा करदाताको कारोवारो रोक्का गरेर करदाताको चल तथा अचल सम्पति दावि वा रोक्का गरेर करदाताको सम्पति एकैपटक वा पटक पटक गरि लिलाममा बिक्री गरेर निजवाट लिनुपर्ने व्यवसाय कर असुलउपर गरि सोही कार्यविधिको दफा ३ को उपदफा ५ वमोजिम व्यवसाय वन्दको कारवाही समेत चलाउन सकिनेछ।

**आवस्यक कागजातहरु**

१.व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपी - १ थान

२.प्रचलित कानुन बमोजिम सम्वन्धित निकायबाट व्यावसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

३.गैर नेपाली नागरिको हकमा सम्वन्धित देशकोनागरिकता वा नागरिक जानिने प्रमाणपत्रको प्रतिलीपी

४. सम्वन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का

५.व्यवसाय संचालनमा रहेको अवधि खुल्ने कागजात- घरभाडा,पानी विजुली,तिरेको रसिद,कर कार्यालयमा कर वुझाएको रसिद वा अन्य यस्तै कागजात

६.संचालकको पासपोर्ट साईजको फोटो - २ प्रति

नर रावत

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner